# आर्थिक मामिला तथा योजना मन्त्रालय

## कोशी प्रदेश, विराटनगर

## घर भाडामा लिने सम्बन्धी पन्ध्र दिने सूचना

*प्रथम पटक प्रकाशित मिति: २०८१।०८।१०*

यस मन्त्रालयका कार्यरत कर्मचारीहरूको लागि घर/फ्ल्याट बहालमा लिन तपसिल बमोजिमको मापदण्ड भित्रको घर भाडामा लिनूपर्ने हुँदा इच्छुक घरधनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा आइपुग्ने गरी आफूले दिन सक्ने बहाल दररेट खुलाई रीतपूर्वकको निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. भाडा लिनुपर्ने घरहरू विराटनगर महानगरपालिका क्षेत्रभित्र यस मन्त्रालयबाट करिब ५ किलोमिटरको दूरीभित्र अवस्थित हुनुपर्ने ।
२. चारैतिर कम्पाउण्ड वालले घेराबार भएको हुनुपर्ने ।
३. गाडी पार्किङ गर्ने सुविधा हुनुपर्ने ।
४. प्राविधिक दृष्टिकोणले उपयुक्त घर हुनुपर्ने ।
५. घरमा विद्युत, धारा, भान्सा, पानी, शौचालयको सुविधा भएको हुनुपर्ने ।
६. बहाल लिने घरमा कम्तीमा ४-५ कोठा हुनुपर्ने ।
७. घरधनीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सो घर अवस्थित जग्गाको धनीपुर्जाको प्रतिलिपि, सो घरको स्वीकृत नक्सा तथा निर्माण सम्पन्नको पत्रको प्रतिलिपि, घरजग्गाको लाग्ने हालसम्मको सबै किसिमको कर र दस्तुर तथा पानी, बिजुलीको महसुल चुक्ता गरेको प्रमाणको प्रतिलिपिसहित निवेदन पेश गर्नुपर्नेछ ।
८. आफूले भाडामा दिन चाहेको घरजग्गा कति भाडा दरमा दिन सकिने हो ? घर बहाल कर सहित मासिक रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
९. नियमानुसारको घर बहाल कर लाग्नेछ।
१०. निवेदन प्राप्त भएका घर भाडामा लिने वा नलिने भन्ने अधिकार यस मन्त्रालयमा निहित हुनेछ ।
११. अन्य कुराहरू यस मन्त्रालयले तोकेबमोजिम हुनेछ ।

०८१।८।१०

अधिकृत

अधिकृतस्तर छैटौं